# लुम्बिनी साँस्कृतिक बुलेटिन

## मासिक बुलेटिन

वर्षः २०७८ | अंकः १ | महिनाः भाद्र | पेजः १

## लुम्बिनी साँस्कृतिक नगरपालिकाको
### वार्षिक नीति तथा कार्यक्रम पारित




लुम्बिनी साँस्कृतिक नगरपालिकाबाट आ। व। ०७८/०७९ को समग्र वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत भई पास समेत भइसकेको छ। नगरपालिकाले शुद्ध वुद्ध ऋषि मन समृद्ध नगर सुखि नगरवासी हाम्रो अभियान भन्ने मान्यतालाई आत्मसात गरी विकास र सेवा प्रवाहलाई स्वच्छ निश्पक्ष पारदर्शि र प्रविधिमैत्रि बनाई यस नगरलाई सुशासनको केन्द्र ***(Centre for Good Governance)*** को रुपमा विकास गरिने नीति लिएको छ। कोरोना महामारीबाट रोजगार गुमाएका स्वदेशमा रहेका तथा विदेशबाट फर्किएका नागरिकहरुलाई व्यवसायिक बाली सघनता अपनाएर आवश्यक तालिमा मल, बिउ बिजन उपलब्ध गराई कृषि पेशामा रोजगारीको सिर्जना गरिने लगायतका कृषि विकास सम्बन्धी नीतिहरु यस आर्थिक वर्षका लागि नगरपालिकाले अवलम्बन गरेको छ । त्यस्तै यस नगरपालिकाले पशु सेवा, सहकारी, उद्योग, श्रम तथा रोजगार, पर्यटन, अन्तर्राष्ट्रिय समन्वय र सम्बन्ध विस्तार, पूर्वाधार विकास, उर्जा, खानेपानी तथा सरसफाई, शिक्षा, खेलकुद तथा मनोरञ्जन, स्वास्थ्य, संस्थागत विकास सुशासन तथा सेवा प्रवाह, विपद् व्यवस्थापन, वन, वातावरण तथा भु-संरक्षण, संस्कृति प्रवर्धन, लैगिक समानता र सामाजिक समावेशिकरण, मानव पुँजी विकास, राजश्व, सूचना प्रविधि सम्बन्धमा समेत विभिन्न नीतिहरु अवलम्बन गरेको छ। यहि असार मसान्तमा बजेट तथा कार्यक्रम स्विकृत गरिसकेको नगरपालिकाले बजेट र नीति तथा कार्यक्रम बिच सामञ्जस्यता कायम गर्ने प्रयास गरेको छ ।

## रुपन्देही, नवलपरासी र कपिलवस्तुका नगर प्रमुखहरु स्पेन भ्रमण गरी फिर्ता

गौतम बुद्धसँग सम्बन्धित रुपन्देही, नवलपरासी र कपिलवस्तुका मेयरहरु स्पेन भ्रमण गरि फर्केका छन । स्पेनबाट फर्केका मेयरहरु लुम्बिनीमा एक कार्यक्रमको आयोजना गर्दै आफ्नो अनुभव र सिकाई साटेका छन ।

राष्ट्रिय सभा सदस्य गणेश प्रसाद तिमिल्सिनाको नेतृत्वमा रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाका मेयर मनमोहन प्रसाद चौधरी, देवदह नगरपालिकाका मेयर हिरा बहादुर केसी, नवलपरासी रामग्रामका मेयर नरेन्द्र प्रसाद गुप्ता र कपिलबस्तु नगरपालिकाका मेयर किरण बहादुर सिंह सहितको १० जनाको टोली चैत्र २३ गते ५ दिने भ्रमणको लागी स्पेन पुगेको थियो ।

बुद्ध जन्मभूमि नेपाल र बुद्धको शान्ति सन्देश विश्वभर फैलाउने उद्देश्य सहित स्पेनको एक्सत्रेमदुरा प्रान्तको काथेरेस शहरमा भएको शान्ति सम्मेलनमा भाग लिन पुगेका मेयरहरुको टोलीले भ्रमण उपलब्धि मुलक रहेको बताए । शान्ति सम्मेलन

क्रमश .........

## सम्पादकीय

### सुशासन र विकासमा हातेमालो गरौं ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको शासकीय संरचना संघ, प्रदेश र स्थानिय तह गरी तीन तहमा आधारित रहेको छ । नागरिकलाई सरल सहज रूपमा गुणस्तरीय सेवा उपलब्ध गराई सुशासनको अनुभूति गराउन स्थानीय सरकारको अग्रणी भूमिका रहेको छ । स्थानीय सरकारलाई नागरिकको घर दैलोको सरकार पनि भनिन्छ तर, नागरिकको घर दैलोको सरकार तब हुन्छ जब स्थानीय नागरिकको आवश्यकता मर्म र भावनालाई नीति र निर्णयमा आत्मसात गरी वास्तविकतामा अनुवाद गर्दछ । झण्डै २ वर्ष अगाडी स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधिको आगमन सँगै आम नागरिकमा नवीन उत्साहको संचार भएको थियो । तर जसरी दिनहरु बित्दै छन् नागरिकको उत्साह र आकांक्षा क्रमशः ओइलाउँदै गएको बिडम्बनापूर्ण अवस्था छ । नागरिकको विकास प्रतिको उर्लदो आकांक्षालाई मूर्तता प्रदान गर्न दायित्व मूलभूत रूपमा स्थानीय सरकारको हो ।

नेपालका स्थानीय तहहरू व्यवस्थापकीय कार्यपालिकीय र न्यायीक अधिकार सहितका सशक्त संरचना हुन । संविधान र कानुनले सुम्पेको युगिन जिम्मेवारी वहनमा उदशिन होइन अग्रसक्रिय (Proactive) हुनु पर्छ । स्थानीय तहको जिम्मेवारी अनुरूपको क्षमता विकास तर्फ ध्यान दिनु संघ र प्रदेश सरकारको पनि दायित्व हो स्थानीय तहमा राजनीतिक पक्ष संस्थागत भईसके तापनि प्रशासनिक र कानुनी पक्षले अपेक्षित गति र दिशा प्राप्त गर्न सकेको छै न । कार्यप्रकृति र कार्ययवोझ अनुरूपको दक्ष कर्मचारी र कानुनको अभाव स्थानीय तहको समस्याको रूपमा रहेको छ । राजनीतिक र प्रशासनिक नेतृत्व बीच यदाकदा देखिने मुठभेडको अवस्थाले आ-आफ्नो सीमारेखाको बुझाईमा अन्योलता रहेको बुझाउँछ । राजनीति र प्रशासन दुवैले आफ्नो अधिकार क्षेत्र भित्र रही जनसरोकारका मुद्दामा केन्द्रित हुने संस्कारको थालनी हुन आवश्यक छ ।

अवको कर्मचारीतन्त्र नीतिको कार्यान्वयन कर्ता मात्र हाईन जनप्रतिनिधि र नागरिक विचको सम्पर्क सेतु पनि हो, राजनीतिको नेतृत्वले गरेको असल कार्य नागरिक माझ शासनको बदलिदो अवधारणा अनुरुप निजि क्षेत्र गैर सरकारी क्षेत्र र नागरिक समाज समेत शासकीय पात्रको रूपमा स्थापित भई सकेको वर्तमान अवस्थामा सबै क्षेत्रहरूसँग हातेमालो गर्दै शासन विकास र सेवा प्रवाहमा *synergy* कायम गर्नुपर्छ । नागरिकहरू विकासका निष्क्रिय उपभोक्ता होइन । विकास र सुशासनको संवाहक वन्नुपर्छ । विकास र सेवा प्रवाहमा सार्थक साझेदारी गर्नु पर्छ । अधिकारको उपभोग मात्र होइन कर्तव्य प्रति सचेत हुनु पर्छ ।

## रुपन्देही, नवलपरासी र कपिलवस्तुका नगर प्रमुखहरु ........



लुम्बिनी गार्डेन फाउन्डेसन, स्पेन, एक्सत्रेमदुरा प्रान्त र सोही प्रान्तको काथेरेस नगरपालिकाको संयुक्त आयोजना भएको थियो ।

भ्रमणले पर्यटन, शिक्षा, स्वास्थ्य, खेलकुद र बिशेष गरि फोहोरमैला ब्यवस्थापनमा स्पेनले गरेका कामहरु बारे अवलोकन गर्नेमा केन्द्रित रहेको थियो । भ्रमण टोलीमा सहभागी देवदह नगरपालिकाका मेयर हिरा बहादुर केसीले नेपालमा फोहोर ब्यवस्थापनमा देखिएका विकाराल समस्यासंग जेडिएका प्रविधि, ज्ञान र उपकरणहरुको आदान प्रदानमा संस्थागत सम्झौता भएकोले यसले भविष्यमा राम्रो प्रतिफल दिने बताए । यो भ्रमणले लुम्बिनी मात्र नभई यस संग सम्बन्धित नगरपालिकाहरुमा रहेको गौतम बुद्ध संग सम्बन्धित स्थलहरुको प्रचार प्रसारमा टेवा पुग्ने उनको दावी छ । यस्तै लुम्बिनी सांस्कृतिक नगरपालिकाका मेयर मनमोहन चौधरीले लुम्बिनी र काथेरेस बिच भगिनी सम्बन्ध कायम भएको बताए । उनले निकट भविष्यमै काथेरसको सहयोगमा लुम्बिनमा उच्च सुविधा सहितको अस्पताल निर्माण सुरु हुने बताए । मेयर चौधरीले लुम्बिनीको बसाई लम्ब्याउन लुम्बिनी र गौतम बुद्ध संग जोडिएका क्षेत्रहरुको एकिकृत विकासको लागी स्पेनले सहयोगको वचन दिएको बताए । सबै नगरपालिकामा बुद्ध संग सम्बन्धित क्षेत्रको विकास भए मात्र पर्यटकको बसाई लम्ब्याउन सकिन्छ । यसमा सबैको प्रयास अपरिहार्य रहेको छ । उनले भने । उनले लुम्बिनीमा विकासको जग बसालेको र अब जुन सुकै नेतृत्व आए पनि यसको निरन्तरतामा सहज हुने बताए । लुम्बिनीको प्रचार प्रसार गर्नको लागी लुम्बिनी गार्डेन फाउण्डेशनले स्पेनको काथेरेस शहरमा १ सय ७ हेक्टरमा मिनि लुम्बिनी निर्माण गर्ने भएकोले यसले लुम्बिनीको प्रचार प्रसारमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ । लुम्बिनी गार्डेन फाउण्डेशनका उपाध्यक्ष गोविन्द सुवेदीले स्पेनको स्थानिय सरकारको समन्वयमा पार्क निर्माण भई रहेको बताए । पार्कले बुद्ध संग सम्बन्धित बिभिन्न सामाग्रीहरु राखिने बताए ।

शान्ती सम्मेलनका अलवा अध्यक्ष तिमिल्सिनाले विभिन्न उच्चस्तरीय भेटघाट गरेका थिए । सो भेटघाटहरु नेपाल स्पेनको कूटनीतिक सम्बन्ध मजबुत बनाउन तथा दुईपक्षीय साझेदारीका लागि निकै उपलब्धिमूलक भएको उनको भनाई छ । अध्यक्ष तिमिलि्सनाले शान्ति सम्मेलनको उद्घाटन गर्दै स्पेनको एक्सत्रेमदुरा प्रान्तको सदनमा सम्बोधन गरेका थिए । त्यसैगरी सम्मेलनको दोस्रो दिन स्पेनको ऐतिहासिक क्याथेरेस नगरपालिकामा भएको कार्यक्रममा उनले नेपालमा शान्ति र लोकतन्त्रको विकास बारे आफ्नो अनुभव सहितको सम्बोधन गरेका थिए । लुम्बिनीमा आयोजित कार्यक्रममा बोल्दै राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिलि्सनाले भ्रमण दुई देश बिचको सम्बन्ध घनिष्ट बनाउन सहयोग गर्ने बताए । यस्तै बुद्ध संग सम्बन्धित बुद्ध भुमिहरुको विकास गर्ने र भविष्यमा त्यसको दुरगामी प्रभाव पार्ने किसिमले भ्रमण महत्वपूर्ण रहेको बताए । तिमिलि्सनाले बुद्ध संग सम्बन्धित क्षेत्रको विकासको लागी स्थानिय सरकारहरु प्रदेश र संघको मुख ताक्नु भन्दा पनि आफैले प्रयास थाल्नु पर्ने जोड दिए ।

कार्यक्रममा प्रतिनिधि सभा सदस्य सूर्य पाठक, रामग्राम नगरपालिकाका मेयर नरेन्द्र प्रसाद गुप्ता, सिद्धार्थनगर नगरपालिकाका मेयर हरि प्रसाद अधिकारी, बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशाकिय अधिकृत शिव रेग्मी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भुपेन्द पाण्डले गर्नुभएको थियो ।

## प्रविधिको उच्चतम प्रयोगसँगै राजस्व संकलनमा ईतिहास रच्दै नगरपालिका



लुम्बिनी साँस्कृतिक नगरपालिकाले सूचना प्रविधिको प्रयोगमा समुचित रुपमा सदुपयोग गरी नगरपालिकालाई प्रविधिको युगसँग जोडी सेवा प्रवाह गर्नमा महत्वपूर्ण भूमिका खेलेको छ । विकासको महत्वपूर्ण पूर्वधारको रुपमा रहेको संचार प्रविधिको प्रयोग गरी नगरपालिकाको विकासमा टेवा पुर्‍याएको छ । हस्तलिखित सेवा हटाउँदै प्रविधिको प्रयोग गरिएको छ, ८५ प्रतिशत सहकारीहरुलाई अनलाईनमा लगिएको छ, सबै वडा कार्यालय तथा हेल्थ पोष्टहरुमा फाईवर ईन्टरनेट जडान गरिएको छ साथै विभिन्न विद्यालयहरुमा आधुनिक ल्यावको वडान गरिएको । जस्ले नगपालिकामा आधुनिक सूचना र प्रविधिको प्रयोगलाई उच्चतम प्रयोगमा टेवा पुर्‍याएको छ

यस नगरपालिकाले राजस्व प्रणालीमा सुधार गरेको छ, चालु आ.व को पहिलो महिनामा रु. २५३९५७८।७४ राजस्व उठाएको छ गत आ.व २०७७/७८ को सोहि अवधिमा रु. ७७१४४०।८४ राजस्व असुली भएको थोयो चालु आ.व गत आ.व को सोही अवधिको भन्दा रु.१७६८१३८ रकम बादी राजस्व असुली भएको छ यो राजस्व नगरपालिकाको आम्दानी र मालपोत कर तिरेको रकम हो ।

# कार्यान्वयन गरिने विद्यार्थी सिकाइ सहजीकरण गाइडलाइन २०७७

***डा. कुलप्रसाद खनाल, उपसचिव (अधिकृत स्तर दशौं) शिक्षा शाखा,***



कोरोनाको महामारीका कारण पटकपटक लकडाउन भएको र विद्यालयहरू क्वारन्टाइन स्थलको रूपमा प्रयोग हुँदै आएका छन । लकडाउन र स्वास्थ्य सुरक्षाका कारण शैक्षिक वर्ष सुरू भएको ६ महिना बितिसक्दा पनि विद्यालयमा पठनपाठन नियमित हुन सकेको छैन ।शिक्षा तथा विज्ञान प्रविधी मन्त्रालयबाट यस विषम परिस्थितिमा विद्यार्थीहरूलाई घरमै बसी सिकाइ सहजीकरण गर्न सकिने गरी विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ जारी गरिएको छ । यस नीतिगत प्रावधानले विद्यालयहरूले आफ्नो स्थानीय विशिष्टता अनुकुल हुने गरी सिकाइ सहजीकरणका क्रियाकलापहरू गर्न मार्ग प्रशस्त गरेको छ ।सहरी क्षेत्रका केही विद्यालयहरूले आआफ्नो स्थानीय परिवेश र प्रविधीको सुविधा अनुसार रेडियो, टेलीभिजन र अन्य अनलाइन विधीहरू अपनाएर विद्यार्थीको सिकाइलाई सहजीकरण गर्दै आएका छन ।प्रविधीमा आधारित यस प्रकारको सहजीकरण विधी उत्साहप्रद र प्रभावकारी देखिए तापनि विद्युत आपुर्तिको समस्या र भरपर्दो इन्टरनेट सुविधाको अभावमा सबै ठाउँहरूमा उत्तिकै भरपर्दो भने मानिएको छैन । मानिसले प्रकृति र परिस्थितसँग सम्झौता गरेर नै जीवन यापनका शैलीहरू विकास गर्दै जानु पर्ने तथ्य मानव विकासको इतिहासले देखाउँछ ।हालसम्म विकसित भएका शिक्षण सिकाइमा विविध शैली र विधीहरू पनि समयअनुसारको आवश्यकता र अनुभवमा आधारित भएर लेखिएका हुन ।कोरोना महामारीको अवस्थाबाट सिर्जित परिस्थितिले शिक्षक र विद्यार्थीको सम्बन्ध र सम्पर्कलाई परम्परागत आमने-सामने हुने कक्षा कोठाको वातावरणमा मात्र सिमित नराखी विद्यालयलाई घरमा लैजाने (**School at Home**) सम्भावनाको विकास गर्नु पर्ने बाध्यात्मक अवस्था सिर्जना गरेको छ ।सधैं यथास्थितिको पक्षमा नै रहन खोज्ने र समयानुसार सिर्जित समस्या र चुनौतिलाई आत्मसात गरी अवसरको रूपमा लिन नसकिएमा नयाँ सिर्जना हुन सक्दैन । शिक्षण सिकाइको क्षेत्रमा कार्यरत पेसाकर्मीहरूलाई पनि यो चुनौतिले विद्यार्थी सहजीकरणका नयाँ तथा वैकल्पिक विधि र तौर तरिकाहरू सिर्जना गर्ने अवसर प्रदान गरेको छ ।

सहजीकरणको जुनसुकै विधी प्रयोग गरे पनि विद्यार्थीलाई कसरी विषयवस्तुमा लीन वा व्यस्त (भ्लनबनभ) राख्ने भन्ने प्रश्न प्रमुख हुन्छ ।घरमा बसेको विद्यार्थीसँग कम्तिमा पनि विषयगत पाठ्यपुस्तक छ । विद्यालयमा बसेका शिक्षकहरूले आफ्नो सिर्जनात्मक परियोजना कार्यमा आधारित क्रियाकलाप मार्फत घरमा बसेका विद्यार्थीलाई उनीसँग भएको पाठ्यपुस्तक प्रयोग गरी विषयवस्तुमा भ्लनबनभ गराउन सकिएमा उनीहरूको सिकाइ प्रक्रिया अवरूद्ध हुँदैन । साथै विद्यार्थीहरूमा स्वअध्ययन र खोजी गरेर सिक्ने बानीको विकास हुन्छ, जुन जीवन पर्यन्त सिकाइको लागि नभई नहुने सीप हो ।तुलनात्मक रूपमा आज सहज देखिएको अवस्था भोली पुनः असहज पनि हुन सक्छ । हाल विद्यालय खुल्ने अवस्था घोषणा भैहाल्यो भने पनि खुशी भै हाल्नु पर्ने अवस्था छैन, पुनः भोलिका दिनमा यस्तै समस्या नआउला भन्न सकिँदैन । तसर्थ हामीहरू सिकाइका वैकल्पिक रणनीतित र उपायहरू सहित सदैव तयारी अवस्थामा रहनु पर्नेजरूरी भएको छ ।

यस सन्दर्भमा विशेष गरी लुम्बिनी साँस्कृतिक नगरपालिकामा उपलब्ध सिमित प्रविधि र सुविधाको अवस्थालाई मध्यनजर गर्दै तपसीलको वैकल्पिक सिकाइ सहजीकरण खाका तयार गरिएको छ हाम्रा पेसागत अनुभव र अभ्यासको आधारमा प्रस्तुत खाका परिष्कृत र परिमार्जित हुँदै जानेछ ।यो खाका भित्र रहेर नगरपालिका अन्तरगतका सबै सामुदायिक/संस्थागत/मदरसा विद्यालयहरूबाट विद्यार्थी सिकाइ सहजीकरण गर्नु पर्ने बाध्यात्मक अवस्था आएको हुँदा सहजताका साथ कार्यान्वयन हुने अपेक्षा गरिएको छ । मुख्यतया *SCHOOL AT HOME* को अवधारणालाई आत्मसात गरी यस सहजीकरण खाकाका विचारलाई पाँच भागमा राखिएको छ । पहिलो भागमा कुनै जटिल प्रविधि (*Sophisticated Technology*) को प्रयोग बिना नै सबैले सबै किसिमको परिवेशमा निर्बाध रूपमा गर्न सकिने क्रियाकलापहरू राखिएको छ । दोस्रो भागमा भएको सेवा सुविधालाई किन प्रयोगमा नल्याउने भन्ने मान्यताका साथ विद्यालय, शिक्षक र विद्यार्थीसँग उपलब्ध सुविधाको आधारमा अपनाउन सकिने थप सहयोगी क्रियाकलापहरूबारे चर्चा गरिएको छ । तेस्रो भागमा विद्यार्थी सिकाइ सहजीकरणका अलावा शिक्षकहरूको लागि विद्यालय समय अवधिमा के कस्ता पेसागत क्रियाकलाप आवश्यक हुन्छन र गर्न सकिन्छ भनी सुझाइएको छ । चौथो भागमा यी सबै कुराहरूलाई कार्यरूपमा ल्याउन एक शैक्षिक नेताको हैसियतले प्रधानाध्यापकले खेल्नुपर्ने भूमिका उल्लेख गरिएको छ ।अन्तिम, पाँचौ भागमा शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन समिति र नगरपालिका शिक्षा कार्यालयको जिम्मेवारी र जवाफदेहिता बारे चर्चा गरिएको छ ।

(क)विद्यार्थी सिकाइ सहजीकरणका उपायहरू (सबै का लागि) १ सबै शिक्षकहरू विद्यालयमा नियमित रूपमा उपस्थित हुने ।

२ विषयगत तथा कक्षागत शिक्षकहरूले आआफ्नो कक्षा/विषयको प्रत्येक विद्यार्थीहरूको पोर्ट फोलियो (का र्य सञ्चयिका अभिलेख फाइल) तयार गरी राख्ने । ३ प्रत्येक कक्षाको विषयगत फाइलहरू तयार गर्ने ।

४ शिक्षकले पाठ्यक्रम र पाठ्यपुस्तकको आधारमा प्रत्येक पाठबाट विद्यार्थीले घरमै बसी स्वअध्ययन वा अभिभावकको सहयोगमा अध्ययन र अभ्यास गर्न सकिने सिर्जनशील परियोजनामा आधारित क्रियाकलापहरू निर्माण गर्ने ।(अनुसूचिः १) ।

५ एउटा पाठबाट सामान्यतया एक हप्तालाई पुग्ने गरी परियोजनामा आधारित क्रियाकलापहरू निर्माण गर्ने ।

६ क्रियाकलाप निर्माण गर्दा विद्यार्थीले सतही ज्ञानका आधारमा उत्तर दिन सक्ने नभई विद्यार्थीलाई विषयवस्तुको गहिराईमा पुग्ने गरी व्यस्त (भलनबनभ) गराउने खालको जस्तैः पाठ्यपुस्तकको पाठ पटकपटक र विश्लेषणात्मक किसिमबाट अध्ययन गरी लेख्न मिल्ने, केही कार्य गरेर मात्र लेख्न मिल्ने, खोजमूलक र सिर्जनात्मकता देखाउने) प्रश्न तथा क्रियाकलाप निर्माण गर्ने ।

७ अर्थात् विद्यार्थीको सिकाइ अवस्था र विषयवस्तुको प्रकृति हेरी शैक्षणिक उद्देश्यको संज्ञान क्षेत्रका सबै तहहरू (सम्झाई, बुझाई, प्रयोग, विश्लेषण, संश्लेषण, मुल्याङ्कन) समेटिने गरी क्रियाकलाप निर्माण गर्ने ।

८ एक हप्ताको लागि पुग्ने क्रियाकलापहरु सामान्यतया बुद्ध साइज पानाको दुवै पट्टी अट्ने गरी मात्र लेख्ने ।

९ क्रियाकलाप निर्माण गर्दा ती क्रियाकलापहरूमा विद्यार्थीहरूको सिकाइ उपलब्धी कसरी मुल्याङ्न गरिनेछ, सो समेत उल्लेख गर्ने ।

***बाँकी क्रमश ........***

# लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तरगतका विद्यालयहरुमा .......

१०.क्रियाकलाप लेखेको पानामा कक्षा, विषय र मिति समेत उल्लेख गर्ने ।

११.तयारी क्रियाकलापहरू विषयगत फाइलमा व्यवस्थित गरी राख्ने ।

१२.टोल टोलमा बसोबास गर्ने विद्यार्थीहरूको कक्षागत र विषयगत समूह निर्माण गर्ने ।

१३.एक हप्तामा एक पटक प्रत्येक टोलमा पुग्ने गरी शिक्षकले अन्य विषय शिक्षकहरूको समन्वयमा समयतालिका निर्माण गर्ने ।

१४.टोलको कुनै खुला ठाउँ, सामुदायिक सिकाइ केन्द्रको हल, सार्वजनिक हल वा विद्यार्थीकै घरमा निर्धारित भौतिक/सामाजिक दुरी कायम हुने गरी शिक्षकले विद्यार्थीहरूलाई भेट गर्ने र एक हप्ताको लागि पुग्ने गरी क्रियाकलाप दिएर आउने ।

१५.एक हप्ता पछि पुन: सोही ठाउँमा भ्रमण गरी अघिल्लो हप्ता दिएको विद्यार्थी का क्रियाकलापहरू सङ्कलन गर्ने र नयाँ क्रियाकलापहरू दिएर आउने ।

१६.शिक्षकले चेक गरी मुल्याङ्कन गरेका विद्यार्थीका लिखित/निर्मित क्रियाकलापहरूलाई सम्बन्धित विद्यार्थीको पोर्ट फोलियो फाइलमा राख्दै जाने ।

१७.विद्यार्थीबाट तयार गरिएको परियोजना कार्यको मुल्याङ्कनका आधारमा सिकाइका कमीहरू पत्ता लगाइ सुधारात्मक क्रियाकलापहरू समेत तयार गरी वितरण गर्ने ।

१८.यो प्रक्रिया कोर्स नसकिएसम्म महिने भरी दोहोर्या उने ।

१९.वार्षिक परीक्षा लिनको लागि अवस्था अनुकुल नभएको अवस्थामा विद्यार्थीको पोर्टफोलियोमा समय समयमा मुल्याङ्कन गरी राखिएको कार्य प्रगतिका आधारमा वार्षिक मुल्याङ्कन गर्न आधार तयार हुनेछ ।

(ख)विद्यार्थी सिकाइका लागि थप सहयोगि क्रियाकलापहरू (सुविधा भएकाहरूका लागि)

२०.घरमा सिकाइमा सहयोग गर्न सक्ने अभिभावकहरू भएको खण्डमा विद्यार्थीलाई सहयोग र सहजीकरण गर्ने तरिकाबारे मार्ग दर्शन/अभिमुखीरण गराउने ।

२१.सम्भव भएको अवस्थामा घरमै बसी अध्ययन गरिरहेको विद्यार्थीलाई टेलीफोन, इमेल, मेसेन्जर मार्फत विद्यार्थीको जिज्ञासालाई समाधान गर्न सहयोग पुर्यामउने । यसको लागि विद्यार्थी र शिक्षकको समझदारीमा दिनमा कुनै अनुकुल समय तोक्न सकिन्छ ।

२२.कुनै कुनै बेला टोल टोलमा शिक्षक जानुको सट्टा विद्यार्थीलाई असहज नहुने गरी बढीमा १० जनाको समूहलाई फरक फरक समय मिलाएर विद्यालयमा खुला चउर वा कक्षाकोठामा एक बेन्चमा एक जना बस्ने गरी सम्पर्क कक्षाको रूपमा सहजीकरण गर्ने ।

**बाँकी आगामी अंकमा .........**

## नगरपालिकाले विपद व्यवस्थापनमा गरेको पूर्व तयारी

यस नगरपालिका भित्र नगर प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गरिएको छ । साथै यस नगरपालिकाको कार्यालयमा विपद व्यवस्थापन शाखा रहेको छ । विगतका केहि वर्षदेखि यस नगरपालिकाले विपद सम्बन्धी विभिन्न कार्यहरु गर्दै आएको छ । जुन देहाय बमोजिम रहेका छन् ।

१) खोज तथा उद्धारको लागि आपतकालिन सूचना केन्द्रको स्थपना तथा व्यवस्थापन गरिएको छ ।

२) विपदमा परेकाहरुलाई आर्थिक सहयोग तथा राहत सामाग्री उपलब्ध गराईएको छ ।

३) विपदको नियमित स्थलगत अनुगमन गरिदै आइएको छ ।

४) विपद पूर्व तयारीको लागि खोज तथा उद्धार सामाग्रीको साथै एम्बुलेन्स तथा दमकल तयारी अवस्थामा राखिएको छ ।

५) वार्ड स्तरीय विपद व्यवस्थापन समिति तथा खोज उद्धार टोली गठन गर्ने क्रममा रहेको छ ।

## खानेपानी तथा सरसफाइमा नगरपालिका अगाडी बढ्दै

यस नगरपालिका भित्र रहेको खानेपानी तथा सरसफाइ शाखाले विगतका केहि वर्ष देखि खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा विभिन्न किसिमको कार्य तथा क्रिय ाकलापहरु गर्दै आएको छ । पहिलो चरणमा खुला दिसामुक्त क्षेत्र घाषणाको कार्य सम्पन्न गरियो । तत्पश्चात वाश योजना निर्माण गरी पूर्ण सरसफाइ क्रियाकलापलाई अगाडी बढाइएको छ ।

जस अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरुलाई सम्पन्न गरिएको छ ।

१) नगरपालिका क्षेत्रभित्र खानेपानी, सरसफाइ तथा स्वच्छताको कार्यक्रम सञ्चालन गरिएको छ ।

२) वाश क्रियाकलापलाई अगाडी बढाउन टोले सुधार समिति तथा सरोकारवालाहरुलाई तालिम प्रदान गरी जिम्मेवारी बोध गराइएको छ ।

३) यस नगरपालिका क्षेत्रभित्रका जन समुदायमा सुरक्षित खानेपानी तथा सरसफाइ सम्बन्धी विभिन्न क्रियाकलाप गरी जनचेतना फैलाईएको छ ।

४) टोल सुधार समितिका पदाधिकारी तथा सरोकारवालाहरुलाई प्रोत्साहन स्वरुप सरसफाइ सामाग्री वितरण गरिएको छ ।

५) घरायसी तहमा दुषित पानी तथा फोहोरमैलाको उचित व्यवस्थापनको कार्य गर्न उत्प्रेरित गरिंदै आइएको छ ।

**लुम्बिनी साँस्कृतिक मासिक बुलेटिन**

**सल्लाहकारहरु:**

श्री मनमोहन चौधरी
नगर प्रमुख

श्री जानकीदेवी श्रीवास्तव
नगर उपप्रमुख

**प्रधान सम्पादक**

श्री भूपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

**सम्पादक/भाषा सम्पादक**

डा. कुल प्रसाद खनाल
उप-सचिव

**बुलेटिन सम्पादक मण्डल**

श्री रामचन्द्र अर्याल लेखा अधिकृत
श्री अशोक पाण्डेय शाखा अधिकृत
श्री तुलसीराम लामिछाने समन्वय अधिकृत
श्री रुद्र पुरी सूचना प्रविधि अधिकृत
श्री आशिष यादव ईन्जिनियर
श्री सोभाखर पौडेल रोजगार संयोजक

**प्रकाशक:**

लुम्बिनी साँस्कृतिक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
फोन नं. ०७१-५८०३०५,
५८०३५०

ईमेल:
**lumbiniculturalmunicipality@gmail.com**

वेवसाईट:
*https://lumbinisanskritikmun.gov.np*